वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको
१७ औँ अधिवेशनमा
गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जारा ज्यूद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल

वि.सं. २०८२ साल आसार १० गते मंगलबार

# वराहपोखरी गाउँपालिका, खोटाङको
# आर्थिक वर्ष २०८२-०८३ को नीति तथा कार्यक्रम

"कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"

**वराहपोखरी गाउँपालिकाका उपाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका सदस्यहरु ज्यू,**

१. यस वराहपोखरी गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

२. वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

३. यस अवसरमा म सर्वप्रथम राष्ट्रहित, नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, अग्रगामी परिवर्तन र अधिकार प्राप्तीका लागि भएका संघर्ष तथा आन्दोलनमा सहादत हुनु भएका ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

४. वराहपोखरी गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । वराहपोखरी गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हुन आएको छ । संस्कृतिमा आधारित पर्यटन वराहपोखरी गाउँपालिकाको सम्भावनाको पहिलो क्षेत्र हो । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी

वराहपोखरी गाउँपालिकालाई बस्न योग्य गाउँपालिका बनाउने हाम्रो ध्येय रहेको छ ।

५. आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

६. आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

७. अब म वराहपोखरी गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ को नीति र कार्यक्रमको समिक्षा प्रस्तुत गर्दछु।

८. गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भई हाल नियमित सेवा सञ्चालन भईरहेको छ ।

९. सुविधा सम्पन्न आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय पक्की भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक बर्षमा वडा नं. ४ को प्रशासकीय वडा भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको

छ । हालसम्म वडा नं. १, २, ३, ५ र ६ को वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माण सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ ।

१०. जिल्ला प्रशासन कार्यालय, खोटाङको प्राविधिक सहयोगमा राष्ट्रिय परिचय-पत्र निर्माण तथा पुराना नागरिकता नविकरण शिविर प्रत्येक वडाहरुमा सञ्चालन गरी ६५३ जना नागरिकलाई नागरिकता तथा परिचय-पत्र वितरण गरिएको छ ।

११. वडा नं. १, २, ४ र ५ अन्तर्गत पर्ने क्रमश: वराहपोखरी, धाप्लाङघाट, कम्पुघाट, वंशिलाघाट र चमेरेपुल आसपास बसोबास गर्ने ६३ बाढी पिढित घरपरिवारहरुलाई राहात वितरण गरिएको छ |

१२. गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय विषयको रूपमा स्थानीय पाठ्यक्रम अनुरूप पठनपाठन कार्य भएको छ।

१३. समूहमा आबद्ध उद्यमीहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन ४० जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

१४. पर्यटकीय क्षेत्र वराहपोखरी ताल आसपास विश्रामस्थल, फोहोरमैला व्यवस्थापन तथा फुटपाथ विस्तार कार्य निरन्तर रुपमा भईरहेको छ ।

१५. गाउँपालिका क्षेत्रभित्रका सबै वडाहरुमा नयाँ सडकको ट्र्याक खोल्ने तथा स्तरोननती गरी नागरिकलाई सहज आवत-जावत तथा कृषि उपजको ढुवानी सरल बनाइएको छ ।

१६. धाप्लाङ-सिन्ताङ-वराहपोखरी मूल सडकको स्तरोन्नतीको काम संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा तिव्रताका साथ अगाडी बढिरहेको छ ।

१७. कृषिजन्य खाद्यसामाग्रीहरु बजारसम्म पुऱ्याउन सहजताका लागि कृषि एम्बुलेन्सको व्यवस्थापन गरिएको छ ।

१८.कृषकहरुको उत्पदान क्षमता वृद्धि गर्न र लागत घटाउन हाते ट्र्याक्टर च्यापकटर वितरण गरिएको छ ।

१९.वराहपोखरी गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ ।

२०.सहज खानेपानीको उपलब्धताबाट वञ्चित रहेका धेरै जनसंख्यालाई खानेपानीको पहुँचमा ल्याइएको छ ।

२१.विद्युतबाट टाढा रहेका नागरिकलाई विद्युतीकरणको माध्यमबाट जोडिएको छ ।

२२.दादुरा रुवेला खोप अभियान, IPV खोप अभियान सम्पन्न गरिएको र जन्म दोष पहिचानको कार्य सञ्चालन गरिएको छ ।

२३.एस.ई.ई. परीक्षामा उत्कृष्ट हुने छात्र छात्रा, दलित छात्र छात्रा तथा अपाङ्ग छात्र छात्रालाई प्रोत्साहन पुरस्कार वितरण कार्यलाई निरन्तरता दिईएको छ ।

२४.संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार र साना सिंचाई कार्यक्रमको साझेदारीमा गाउँपालिका क्षेत्रभित्र सिंचाई योजना संचालन गरिएको छ ।

२५.स्थानीय कानूनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका २० वटा ऐन र ४ वटा नियमावली, ३३ वटा कार्यविधि, ४ वटा निर्देशिका, १ वटा मापदण्ड लागू गरिएको छ ।

२६.करदाताहरुबाट कर संकलन गर्न शुत्रमा आधारीत राजस्व पोर्टलको प्रयोग गरिएको छ | सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने ब्यवस्था मिलाइएको छ । करदाताहरुले बुझाएको रकम सोझै बैंकमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।

२७.सरकारी सम्पतीको व्यवस्थापन तथा खरिद कार्यलाई व्यवस्थित, पारदर्शिता र मितव्ययिता कायम गर्न PAMS अनलाईन प्रणालीको प्रयोग सुचारु गरिएको छ । आगामी आ.व. २०८२।०८३ बाट शतप्रतिशत लागू गरिनेछ ।

२८.गत आ.व. हरुमा लगत कायम भएका बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकता दिइएको छ । चालु आ.व. मा जम्मा रु. २ करोड १० लाख ६५ हजार २ सय ३६ रुपैया नियमानुसार फछ्र्यौट भईसकेको र रु. २ करोड ४८ लाख ३१ हजार ३४ रुपैयाँ फछ्र्यौटको क्रममा रहेको छ ।

२९.अन्य पालिकाहरुबाट यस गाउपालिकामा बसाईसराई गरी आउने नागरिकहरुलाई प्रोत्साहनको व्यवस्था गरिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

३०.अब म वराहपोखरी गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति र कार्यक्रम यस गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३१.गाउँपालिकाको दीर्घकालिन सोच "कृषि पर्यटन प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ ।

## कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीति

३२.सुन्तला पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ । अदुवा, बेसार, लिची, किवी, मौरी, अलैंची लगायतका पकेट क्षेत्रहरु घोषणा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३३.गाउँपालिका क्षेत्रभित्र खाद्यवस्तु उत्पादनलाई वृद्धि गर्नका लागि पर्याप्त मात्रामा लघु सिंचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।

३४.कृषिजन्य बालीमा आकास्मिक रुपमा हुने किराहरु नियन्त्रण गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३५.कृषकहरुलाई आय आर्जन वृद्धि गर्न कफि खेति विस्तार, सुन्तलाको बगैचा सुदृढीकरण, अकबरे खोर्सानी बिस्तार कार्यक्रम, अलैंची खेती बिस्तार कार्यक्रम, मौरी पालन, किवी खेति, चैते धान खेती, भुईकटहर, केरा, लिची खेती जस्ता कार्यक्रमहरुलाई प्रबर्धन गरिनेछ ।

३६.किसानहरुको जीवनस्तरको सुधार गर्ने ५०% अनुदानमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७.उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरी उत्पादनमा लाग्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

३८.नविनतम प्रविधि तथा उपकरण प्रयोगको माध्यमबाट कृषि क्षेत्रको आधुनिकीकरणतर्फ लगिने व्यवस्था गरिएको छ ।

३९.रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईनेछ।

**शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति**

४०.शिक्षा क्षेत्रमा पालिकाबाट व्यवस्था गरिएका शिक्षक, का.स. कर्मचारी, परिचालिकाहरुलाई निरन्तरता दिईनेछ ।गाउँपालिकाबाट नियक्त गरिएको सबै शिक्षक कर्मचारीहरुलाई पोशाक भत्ताको व्यवस्था गरिनेछ ।

४१.वराहपोखरी गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ ।

४२.राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ ।

४३.विद्यालय शिक्षक कर्मचारीहरुको पेशागत दक्षता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिनेछ ।

४४.यस गाउँपालिका क्षेत्रभित्र बसोबास गरी MBBS, Engineering तथा CA जस्ता विषयहरुमा उत्कृष्ट नजिता प्राप्त गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ ।

४५.विभिन्न विद्यालयको भौतिक संरचनाको निर्माण तथा स्तरोन्नती गरिनेछ ।

४६.सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माणमा सुधार गरी बालमैत्री कक्षा कोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, इन्टरनेट सुविधा, आईसीटी ल्याव, स्वच्छ पिउने पानीको व्यवस्था, छात्र-छात्रा शौचालय, स्यानीटरी प्याडको व्यवस्था, खेलमैदान, पुस्तकालय निर्माणलाई प्राथमिकता दिईनेछ ।

४७.गाउँपालिका क्षेत्र भित्रका सबै आधारभूत विद्यालयहरुलाई कार्य सम्पादनमा सहजता ल्याउन विद्युतीय उपकरण (कम्प्युटर, ल्यापटप, प्रिन्टर आदि) को व्यवस्था गरिनेछ ।

४८.विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान एवम् विद्यालयहरु एक-एर्कामा गाभिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**

४९.स्वास्थ्य सम्बन्धी नागरिक आरोग्य केन्द्र सञ्चालन गरिनेछ ।

५०.स्वास्थ्य व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन HMIS, DHIS2, ELMIS, SBA लगायतका स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यवस्थापन गरिनेछ ।

५१.मातृ तथा नवशिशु कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

५२."म स्वस्थ मेरो समुदाय स्वस्थ घरटोलमा स्वास्थ्य प्रबर्धन कार्यक्रम" सञ्चालन गरिनेछ ।

५३.महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको यातायात खर्चमा वृद्धि गरिनेछ ।

५४.सुनौलो हजार दिन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५५.सबै वडाहरुमा स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरुमा क्रमशः सुविधासम्पन्न वर्थिङ सेन्टर निर्माण तथा विस्तार गर्दै लगिनेछ । आगामी आर्थिक वर्षमा सुविधायुक्त स्वास्थ्य चौकी सुन्तले, स्वास्थ्य चौकी पौवासेरा र स्वास्थ्य चौकी मौवाबोटे भवन निर्माण कार्य गरिनेछ।

५६.यस गाउँपालिका भित्रका नागरिकहरुलाई विभिन्न ९८ प्रकारका औषधीहरु निःशुल्क पाउने व्यवस्था मिलाईनेछ ।

५७.सुरक्षित मातृत्व गाउँपालिकाको अवधारणा अनुरुप गर्भवती महिलालाई भिडियो एक्सरे सेवा, क्याल्सियम चक्की, फोलिक एसिड चक्की, आइरन चक्की तथा सुत्केरी महिलाको लागि निः शुल्क डेलिभरी प्याडको व्यवस्था मिलाइनेछ ।

५८.नियमित खोप सेवालाई थप प्रभावकारी बनाई बालबालिकाको खोप सम्बन्धी अधिकारलाई सुनिश्चित गरिनेछ ।

५९.सरकारी तथा गैह्रसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

६०.वराहपोखरी गाउँपालिकालाई जिरो होम डेलिभरीको अवस्थामा पुऱ्याउन आवश्यक कदम चालिनेछ ।

६१.गाउँपालिकामा पाँच शैयाको अस्पताल निर्माण कार्यलाई अगाडि वढाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।

**राष्ट्रिय रोजगार प्रबर्धन नीति**

६२.वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनः एकीकरण (REMI) तथा सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रम सञ्चालन गरिनेछ ।

६३.गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजनाहरुलाई बढि भन्दा बढि रोजगारमुखी आयोजना सञ्चालन गरिनुका साथै श्रम बैंकको व्यवस्थापन मिलाइनेछ ।

६४.राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको सञ्चालनका लागि संघीय सरकारसँग साझेदारी गरिनेछ ।

६५."श्रमको सम्मान राष्ट्रको अभियान" लाई निरन्तरता दिइनेछ ।

६६.युवाहरुलाई आत्मनिर्भर बनाउन हाउस वाइरिङ तथा प्लम्बिङ तालिम सञ्चालन गरिनेछ ।

६७.स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गरिनेछ ।

## संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति

६८.नेपाल सरकारको सय गन्तव्यमध्येको वराहपोखरी ताल क्षेत्रमा रहेका अधुरा योजनालाई सकेसम्म सम्पन्न गरिनेछ ।

६९.गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी आदिको अभिलेख राखी संरक्षण तथा प्रबर्धनको ब्यबस्था मिलाइनेछ |

७०.वरापोखरी गाउँपालिकाको सांस्कृतिक बिबिधता जगेर्णा गर्दै गाउँपालिका क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजाती र समुदायका सांस्कृतिक सम्पदाहरुको पहिचान र विकास गर्न आवश्यक सहयोग गरिनेछ |

७१.सांस्कृतिक पर्यटन, नव प्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने,

७२.वराहपोखरी गाउँपालिकालाई धार्मिक, साँस्कृतिक, पर्यटकीय र कृषिमुखी गाउँपालिकाको रुपमा विकास गर्ने,

## पूर्वाधार विकास सम्बन्धी नीति

७३. धापलाङ-धर्तुङ-वराहपोखरी सडकलाई स्तरोन्नती गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

७४. बंशिला-ताम्बुवा-मौवाबोटे सडकलाई स्तरोन्नती गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

७५. धापलाङघाट तटबन्ध निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार पारिनेछ ।

७६. पौवासेरामा रहेको सेराखोलाले पुर्याउने कृषियोग्य जमिनको क्षति न्यूनिकरणका लागि तटबन्ध निर्माण गरिनेछ ।

७७. भौतिक पूर्वाधारको गुणस्तर सुनिश्चितताको लागि निर्माण कार्यमा प्रयोग भएका सामाग्रीहरुको ल्याव परीक्षण गरिनेछ ।

७८. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका नीजि सार्वजनिक तथा सरकारी भवनहरु गाउँपालिकाबाट ईजाजत प्राप्त गरेर मात्र निर्माण हुने व्यवस्था मिलाइनेछ ।

७९. गाउँपालिका क्षेत्रभित्र विस्तार गरिएको सडकहरुलाई व्यवस्थित गरि निजी जग्गालाई सार्वजनिक बनाउने र मालपोत करबाट जनतालाई छुट गराउन **लोकल ट्रान्सपोटेसन मास्टर प्लान** निर्माण गरिनेछ ।

## खानेपानी सम्बन्धी नीति

८०. यस गाउँपालिका क्षेत्रभित्रका वडाहरुमा देखिएको खानेपानी समस्या समधान गर्नका लागि दातृ निकाय एवम् संघ-संस्थाको सहयोगमा खानेपानी सम्बन्धी आयोजना सञ्चालनका लागि पहल गरिनेछ ।

८१. शौचालय निर्माण र नियमित प्रयोग, साबुनपानीले हात धुने बानी लगायतका सरसफाईका आधारभूत कुरालाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि जनप्रतिनिधि, कर्मचारी तथा गैह्रसरकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।

८२.फोहोरमैला व्यवस्थापनका लागि संघ संस्थाहरुसँग सहकार्य गरि प्रभावकारी रुपमा व्यवस्थापन मिलाईने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

८३.सामुदायिक वन उपभोक्ता समितिलाई कानूनी रुपमा व्यवस्थित गरिनेछ । स्थानीय सरकार सञ्चालन ऐनमा सामुदायिक वन सम्बन्धी भएको व्यवस्थालाई अक्षरश: पालनाका लागि आवश्यक कदम चालिनेछ ।

८४.दिगो विकासका लक्ष्यलाई आत्मसाथ गर्दै "जलवायु अनुकूलन र विपद व्यवस्थापन सार्वजनिक निर्माणमा वातावरणीय सन्तुलन" भन्ने नारा अनुरुप गाउँपालिकाबाट सञ्चालित सडक निर्माण योजनामा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

८५.गाउँपालिका क्षेत्रभित्र जलाधार संरक्षण खोला नियन्त्रणको प्याकेज बनाई भू तथा जलाधार संरक्षण कार्यलाई प्राथमिकता दिईनेछ ।

८६.सामुदायिकरुपमा वृक्षरोपण कार्य्रकम संचालन गरिनेछ ।

८७.भौतिक पुर्वाधार विकासको कार्य गर्दा हुने वातावरणिय क्षेतिलाई न्युनिकरण गर्न आगामी आ.व. मा संचालन हुने योजनाहरुमा बायोइन्जिनियरिङ प्रणाली लागु गरिने छ ।

८८.जलवायु परिवर्तनलाई न्यूनिकरण गर्नका लागि स्थानीयस्तरबाट आवश्यक प्रबन्ध गरिनेछ।

८९.गाउँपालिकाबासीहरुको जनधनको रक्षाका लागि सबै नागरिकलाई हर हालतमा सहयोग गर्नका लागि एक छुट्टै आकस्मिक कोषको व्यवस्था मिलाइनेछ । सो कोषबाट विपदमा परेका नागरिकहरुलाई आवश्यक सहयोग गरिनेछ ।

९०.पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यान दिई विपद् जोखिम न्यूनिकरणको उपाय अवलम्बन गरिनेछ ।

९१.विकासबाट हुनसक्ने विनासलाई न्युनिकरण गरि विकासलाई दिगो बनाउन अधिकतम श्रममूलक प्रविधिमा जोड दिईनेछ ।

९२.विद्यालयस्तरमा विपद् व्यवस्थापनको लागि रणनीति तर्जुमा गरिनेछ ।

९३.एम्बुलेन्स सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरि तयारी हालतमा राखिने व्यवस्था मिलाइनेछ ।

९४.पानीको श्रोत मुहान खोला पोखरी तलाउ सिमसार क्षेत्र तथा जैविक विविधताको संरक्षण गरिने नीति अवलम्बन गरिनेछ ।

**लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी नीति**

९५.महिलाहरुको जीविकोपार्जन तथा आय आर्जनमा सुधार गर्न महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

९६."सुरक्षित महिनावरी: मेरो जिम्मेवारी" भन्ने नाराका साथ महिलाहरुका लागि स्थानीयस्तरमै स्यानीटरी प्याड निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

९७.बालबालिकाको हितमा कृयाशिल संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी बाल श्रमिक, अनाथ बालबालिकाहरुको उद्दार, राहत तथा पुन:स्थापनाको कार्यहरु गरिनेछ ।

९८.महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९९.पूर्ण अशक्त अपाङ्गता परिचयपत्र बनाउनका लागि चिकित्सकीय सेवा टोली सहित सम्बन्धित वडा कार्यालयमा पुगी स्वास्थ्य चेकजाँचका साथ परिचय पत्र वितरण गरिनेछ ।

१००. कोशी प्रदेश, करुणा फाउण्डेशन र वराहपोखरी गाउँपालिकाको साझेदारीमा अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रबर्धनको लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०१. बालबालिकाको संरक्षणका लागि आत्मरक्षा तालिम सञ्चालन गरिनेछ ।

१०२. महिला, दलित, जनजाती, अपाङ्गता भएको व्यक्तिलाई गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समितिमा सहभागी गराउन उत्प्रेरित गरिनेछ ।

१०३. ज्येष्ठ नागरिकको सुरक्षा, सम्मान र स्वास्थ्य परीक्षणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०४. वडाहरुबाट नै सम्बन्धित बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्धलाई निरन्तरता गरिनेछ ।

## सहकारी सम्बन्धी नीति

१०५. सहकारी संस्थाको दर्ता, नविकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ ।

१०६. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

## संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति

१०७. कर्मचारीलाई उत्प्रेरित गर्न विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ । उत्कृष्ट कार्यदक्षता, कार्यसम्पादन,कार्यकुशलताका आधारमा कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

१०८. वडा कार्यालयहरुलाई सदृढ गरि सेवा थप प्रभावकारी बनाईनेछ ।

१०९. सरकारी कार्यालयलाई सेवाग्राहीमैत्री तथा सूचनाप्रविधिमैत्री बनाईनेछ ।

११०. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सेवाग्राही प्रति सेवाप्रदायकको उत्तरदायित्व कायम गरिनेछ ।

१११. सार्वजनिक खरिदलाई खुला, पारदर्शी, वस्तुनिष्ठ विश्वसनीय बनाईनेछ ।

११२. भौतिक संरचना निर्माण तथा कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरि गुणस्तरियता कायम गरिनेछ । फजुल खर्चको नियन्त्रण गर्नुका साथै भ्रष्टाचारसम्बन्धी शून्य सहनशीलता नीति अपनाईनेछ ।

११३. सरकारी सम्पतीको व्यवस्थापन तथा खरिद कार्यलाई व्यवस्थित, पारदर्शीता र मितव्ययिता कायम गर्न PAMS अनलाईन प्रणालीलाई पूर्ण रुपमा लागू गरिनेछ ।

११४. गाउँपालिकाको स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन वराहपोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन निर्माण गरिनेछ ।

११५. सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममूखी, जवाफदेही, पारदर्शी, नागरिक प्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

११६. कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रतिष्ठान, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँगको समन्वयमा सेवाकालिन तालिमको व्यवस्थापन गरिनेछ ।

११७. आन्तरिक नियन्त्रण प्रणालिलाई प्रभावकारी बनाउन वित्तिय अनुशासनलाई कडाईका साथ पालना गर्दै बुरुजु फछ्यौंटलाई अभियानको रुपमा चलाईनेछ ।

११८. गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवा सुविधालाई क्रमश: सफ्टवेयर तथा विद्युतीय प्रणालीमार्फत प्रदान गरिनेछ ।

११९. राजश्व तथा कर संकलनको लागि महालेखा नियन्त्रकको कार्यालयबाट जारी भएको स्थानीय राजश्व पोर्टललाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२०. आधुनिक सूचना प्रविधिको उपयोग विकास र विस्तार गर्दै सार्वजनिक सेवालाई खुल्ला पारदर्शी र जवाफदेही बनाउने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२१. गाउँपालिकाको विकास कार्य खोज र अनुसन्धान तथा नागरिकलाई सूचना एवम् समाचार सहज रुपमा उपलब्ध गराउनका लागि स्थानीय पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ ।

१२२. सार्वजनिक सेवालाई गुणस्तरीय र परिणाममूखी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता गरिनेछ । साथै प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुख तथा वडा सचिवहरुबीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

१२३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self-Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१२४. गाउँपालिकाको कार्यालय मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्रको व्यवस्था गरि गाउँपालिकाभित्रका सबै सार्वजनिक कार्यालयहरुमा सूचना अधिकारी तोकिने व्यवस्था मिलाईनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

१२५. अन्त्यमा, वराहपोखरी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध

कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट वराहपोखरी गाउँपालिकालाई समृद्ध, सुरक्षित, कृषिमैत्री, उद्यमशिल साथै पर्यटकीय केन्द्र बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

**शालिकराम बन्जारा**
**(गाउँसभा अध्यक्ष)**
**वि.सं. २०८२ असार १० गते मंगलबार**
**नेपाल संवत् ११४५, तछलागा चतुर्दशी**